नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग

☎: ४-२२७५७४, ४-२२०३०३, ४-२२१२३१, ४-२१६३७९, ४-२२१७४४
फ्याक्स : ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेखि गर्नुहोला ।

प्राप्त पत्र संख्या र मितिः
पत्र संख्या :
च. नं.:

बबरमहल
काठमाडौं, नेपाल

## दुई शब्द



विश्व सामु नेपाल, सहभागितामूलक वन व्यवस्थापन पद्धतिमा अग्रणीको रुपमा परिचित रहेको छ । ती व्यवस्थापन पद्धतिहरूमा सामुदायिक वन विकास कार्यक्रम प्रमुख रुपमा रहेको छ, जसबाट नेपालका २२,२६६ सामुदायिक वन उपभोक्ता समूह गठन भई २२,३७,६७० हेक्टर वन क्षेत्र २९,०७,८७१ घरधुरीहरूबाट व्यवस्थापन हुँदै आएको छ । सामुदायिक वन विकास कार्यक्रमद्वारा वनको उचित व्यवस्थापन भई वनको हैसियतमा सुधार हुनुका साथै वन पैदावारको स्थानीय तथा राष्ट्रिय आपूर्तिबाट रोजगारीको अभिवृद्धि भई राजश्वमा समेत टेवा पुगेको छ । पर्यटकीय हिसाबले सम्भावना रहेका सामुदायिक वनहरूमा वन पैदावारको उत्पादन सहित वातावरणीय सेवाहरूको प्रवर्द्धन गरी अधिकतम आर्थिक लाभ प्राप्त गर्ने, समग्र वनको हैसियतमा सुधार गर्ने, वातावरण र जैविक विविधता संरक्षण र स्थानीय उपभोक्ताहरूको मौलिक सामाजिक र सांस्कृतिक मूल्य मान्यतामा बढावा हुने गरी वन विहार, जलविहार, पार्क र उद्यान अवलोकन, वनभोज, फोटो यात्रा, सिनेमा वा भिडियो छायाङ्कन, सूचना तथा सन्देशमूलक गतिविधि, ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदा अवलोकन जस्ता संरक्षण, रोजगारी तथा आयआर्जन सिर्जना हुने क्रियाकलापहरू सञ्चालन गरी समृद्धिमा टेवा पुऱ्याउने हिसाबले सामुदायिक वनमा पर्यापर्यटन संचालन कार्यविधि २०७५ तयार गरी कार्यान्वयनमा ल्याइएको छ । नेपाल सरकारद्वारा आर्थिक वर्ष २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रममा करिव ५,००० वटा सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम संचालन गर्ने लक्ष्य लिइ सोही बमोजिम बजेट विनियोजन समेत भएको छ । यो कार्यविधि सामुदायिक वनमा पर्यापर्यटन संचालन गर्ने समूहहरू, सहजीकरण गर्ने संघीय तथा प्रादेशिक वन कार्यालय/निकायहरू, गैह्र सरकारी संघ संस्थाहरू एवं स्थानीय तहहरूलाई समेत उपयोगी हुने विश्वास लिएको छु ।

अन्त्यमा, कार्यविधि तयार गर्ने कार्यमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने यस विभागका तत्कालीन महानिर्देशक डा. कृष्णप्रसाद आचार्यलाई धन्यवाद दिँदै कार्यविधि तयार गर्ने कार्यमा सहयोग पुऱ्याउने उपमहानिर्देशकद्वय डा. अनुजराज शर्मा, डा. राजेन्द्र के.सी., उपसचिवहरू प्रकाश लम्साल, प्रेम खनाल, जीवनाथ पौडेल तथा सहायक वन अधिकृतद्वय शान्त राम बराल र संजीव राज ढकाल लगायत सम्वद्ध सबै कर्मचारी तथा सरोकारवालाहरूलाई धन्यवाद दिन चाहन्छु ।

**डा. राम प्रसाद लम्साल**
महानिर्देशक

# विषयसूची


| | |
|---|---|
| १. प्रस्तावना | १ |
| २. संक्षिप्त नाम र प्रारम्भ | १ |
| ३. परिभाषा | १ |
| ४. लक्ष्य र उद्देश्य | ३ |
| ५. सामुदायिक वनमा पर्यापर्यटन सम्बन्धी व्यवस्था | ४ |
| ६. वन्यजन्तु पालन सहितको पर्यापर्यटनको लागि विशेष व्यवस्था | ५ |
| ७. व्यवस्थापन समिति सम्बन्धी व्यवस्था | ६ |
| ८. आशयपत्र तथा प्रस्तावको आव्हान, मूल्याङ्कन र करारनामा | ७ |
| ९. करारनामामा समावेश गर्नुपर्ने मुख्य शर्तहरू | १० |
| १०. प्रतिवेदन पेश गर्नुपर्ने | ११ |
| ११. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था | ११ |
| १२. व्यवसाय सञ्चालनको अवधि | ११ |
| १३. व्यवसाय बन्द गर्न सकिने | १२ |
| १४. शुल्क तथा कर निर्धारण सम्बन्धी व्यवस्था | १२ |
| १५. प्राप्त लाभको सदुपयोग सम्बन्धी व्यवस्था | १३ |
| १६. स्थानीय वस्तु, सेवा र कलालाई उच्च प्राथमिकता दिनुपर्ने | १३ |
| १७. स्थानीय रोजगारीलाई प्राथमिकता दिनुपर्ने | १३ |
| १८. अन्तिम व्याख्या गर्ने अधिकार | १३ |
| १९. विविध | १३ |
| **अनुसूचीहरू:** | |
| अनुसूची १ | १५ |
| अनुसूची २ | १६ |
| अनुसूची ३ | १८ |

हस्तान्तरण गर्ने वा निकुञ्ज/राष्ट्रिय वनमा छाड्ने आवश्यक निर्णय लिनुपर्नेछ ।

## ७. व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

७.१ पर्यापर्यटन व्यवसाय सञ्चालन गर्न चाहने समूहले देहाय बमोजिमको एक व्यवस्थापन समिति गठन गर्नेछ :

(क) समूहको अध्यक्ष वा समूहले तोकेको पदाधिकारी - संयोजक

(ख) सम्बन्धित क्षेत्रको सब डिभिजन वन कार्यालयको प्रतिनिधि - सदस्य

(ग) स्थानीय वडा अध्यक्ष वा वडा कार्यालयले तोकेको प्रतिनिधि- सदस्य

(घ) स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य

(ङ) समूहको सचिव -सदस्य-सचिव

७.२ उपदफा (१) (ख), (ग) र (घ) बमोजिमको सदस्य तोकी पठाइदिन समूहले सम्बन्धित निकायलाई पत्राचार गर्नुपर्नेछ। समितिले पूर्णता पाइसकेपछि बैठक बसी समितिलाई प्राप्त कार्यसूची, पर्यापर्यटन व्यवसाय सञ्चालन सम्बन्धी कार्ययोजना र यो निर्देशिकाको अधिनमा रही कार्य गर्नु पर्नेछ ।

७.३ उपदफा (१) बमोजिम गठित व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) समूहले कार्ययोजनामा उल्लेख गर्ने पर्यापर्यटन सम्बन्धी विषयवस्तु पहिचान गर्ने,

(ख) पर्यापर्यटन व्यवसाय संचालन गर्ने सम्बन्धमा समूहलाई आवश्यक सहयोग र सहजीकरण गर्ने,

(ग) समूह आफैंले पर्यापर्यटन व्यवसाय सञ्चालन गर्ने भए त्यसको व्यवस्थापकीय भूमिका निर्वाह गर्ने,

(घ) समूहले सहकारी, निजी क्षेत्र, स्थानीय तहसंग साझेदारीमा व्यवसाय सञ्चालन गर्ने भए सो सम्बन्धी आशयपत्र आव्हान गर्ने, प्राप्त हुन

## अनुसूची ३

सामुदायिक वनमा पर्यापर्यटन सञ्चालन गर्दा गर्न नहुने कार्यहरू (दफा ५ को उपदफा ६ संग सम्बन्धित)

(क) सामुदायिक वनमा गर्न नहुने भनी वन नियमावली २०५१ को नियम ३१ मा उल्लेखित कार्यहरू,

(ख) स्वीकृत कार्ययोजनामा पर्यापर्यटन व्यवसायको लागि गर्न सकिने भनी उल्लेख भएका कार्यहरू वाहेकका कार्यहरू,

(ग) नयाँ मोटर बाटो लगायतका पूर्वाधार निमार्ण गर्न, पानीको स्रोत तथा खोलानाला थुन्न, वहाव परिवर्तन गर्न वा स्थानीयवासीले उपयोग गरिराखेको स्रोतमा कुनै पनि तरिकाबाट अवरोध पुऱ्याउन,

(घ) वन्यजन्तुलाई पक्रन, घाइते बनाउन, वा मार्न वा दुःख दिन, वास्थानमा असर पुऱ्याउन, होहल्ला गरी असर पर्ने कुनै क्रियाकलाप गर्न गराउन,

(ङ) कार्ययोजनामा स्वीकृत भएको अवस्थामा बाहेक सामुदायिक वनका वन पैदावारहरू काट्न, उखेल्न, क्षति पुऱ्याउन, मास्न र ओसारपसार गर्न,

(च) भू-आकृति, भू-दृष्य र विशेष भौगोलिक अवस्थालाई बिगार्ने कार्य वा कुनै तरिकाबाट तोडमोड गर्न,

(छ) वातावरण प्रदुषित गर्ने क्रियाकलापहरू जस्तैः माटो, पानी र ध्वनी तथा वायु प्रदुषण हुने क्रियाकलापहरू गर्न गराउन,

(ज) स्थानीय समुदायको संस्कृति र स्थापित परम्परालाई नकरात्मक असर पुऱ्याउने क्रियाकलापहरू गर्न गराउन ।

